205 Tangal Marg,
P.O. Box 1622,
Kathmandu, Nepal
01-4427101/
103/170/171
/172
www.sgic.com.np
info@sgic.com.np

सानिमा जिआईसी इन्स्योरेन्स लि.
Sanima GIC Insurance Ltd.

च. नं. २१४४/०७९/०८०

मिति : २०८०।०२।०२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं ।

**बिषय : वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द (Book Close) सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति २०८०।०२।०२ गते बसेको १२१ औ बैठकको निर्णय बमोजिम आ.व २०७८/०७९ को पाँचौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने निर्णय भएको व्यहोरा तहाँ कार्यालय समक्ष जानकारीको लागि अनुरोध छ । साथै उक्त साधारण सभा बस्ने प्रयोजनार्थ मिति २०८०।०२।१२ गते शेयर दर्ता किताव बन्द हुने व्यहोरा समेत अनुरोध छ ।

**मिति : २०८० साल जेष्ठ ३२ गते, तदनुसार १५ जुन २०२३, बिहीबार ।**

**समय : विहान ११:०० बजे ।**

**स्थान : अमृतभोग, कालिकास्थान, काठमाडौं ।**

शेयरधनी तथा सर्वसाधारणहरुको जानकारीको लागि उक्त साधारण सभा सम्बन्धी सूचना मिति २०८०।०२।०३ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरीनेछ तथा कम्पनीको वेभसाइट www.sgic.com.np मा समेत राखिएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

भवदीय

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

सुबोध लाल श्रेष्ठ
नायब महाप्रबन्धक/कम्पनी सचिव

**संलग्न कागजात :**

(१) पाँचौ वार्षिक साधारण सभाको सूचना ।

## सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको
## पाँचौ वार्षिक साधारण सभा वस्ने सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०८०।०२।०२ गते बसेको १२१ औं बैठकको निर्णयानुसार कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० साल जेष्ठ ३२ गते (तद्नुसार १५ जुन, २०२३) बिहीबार ।
समय : विहान ११:०० बजे ।
स्थान : अमृतभोग, कालिकास्थान, काठमाण्डौ ।

**छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्तावः**

(१) कम्पनीको पाँचौ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) साविक सानिमा जनरल इन्स्योरेन्स लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७८/०७९ आषाढ मसान्तको वासलात, मिति २०७८।०४।०१ गते देखि २०७९।०३।३२ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा NFRS बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

(३) साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७८/०७९ आषाढ मसान्तको वासलात, मिति २०७८।०४।०१ गते देखि २०७९।०३।३२ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा NFRS बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

(४) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/०८० को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(५) समुह (क) अन्तर्गत संस्थापक शेयरधनीहरुको तर्फबाट ३ (तीन) र समुह (ख) अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव तर्फ :**

१) कम्पनीको संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको गठन गर्नका लागि कम्पनीको नियमावलीको नियम ११(क) संसोधन गर्ने ।

२) उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतीको लागी पेश हुंदा नियमनकारी निकाय वा कार्यालयबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. यस साधारण सभामा भाग लिने प्रयोजनका लागि कम्पनीको शेयर दाखिला खारेजका लागि मिति २०८०।०२।१२ गते शेयर दर्ता किताव बन्द गरिनेछ । उक्त मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोवार गरी सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार सानिमा क्यापिटल लि. को शेयर अभिलेखमा दर्ता भएका शेयरधनीहरु साधारण सभामा भाग लिन तथा मतदानमा सहभागी हुन योग्य मानिनेछन् ।

२. सभामा उपस्थित शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि आफ्नो परिचय खुल्ने आधिकारिक परिचय पत्र वा हितग्राही खाता खोलिएको कागजात साथमा लिई आउनुहुन अनुरोध छ ।

३. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय, टंगाल, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको केन्द्रीय कार्यालय, टंगाल, काठमाण्डौमा दर्ता गरि सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ । प्रोक्सी फाराम यस कम्पनीको वेभसाइटबाट पनि Download गर्न सकिनेछ ।

४. एकै शेयरधनीले एक भन्दा वढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ती सबै भन्दा पहिले प्राप्त भएको हो माथि (३) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वतः खारेज हुनेछ ।

५. नाबालक शेयरधनीको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता कितावमा उल्लेख भएकोले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछ ।

६. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा हाजिरी गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान १० बजे देखि खुला रहनेछ ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

७. प्रतिनिधी नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखतसँग मिल्नु पर्नेछ ।

८. कुनै शेयरधनी महानुभावले साधारण सभामा आफ्नो मन्तब्य राख्न चाहेमा सभा हुनु भन्दा अगावै आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्नेछ ।

९. कम्पनीको सञ्चालक पदको निर्वाचन सम्बन्धी सम्पुर्ण सूचना एवं जानकारी सभा हुनु भन्दा ७ दिन अगाडी कम्पनीको केन्द्रिय कार्यालयको सूचना पाटिमा टाँस गरिनेछ ।

१०. अन्य कुनै जानकारी आवश्यक भएमा कम्पनीको केन्द्रीय कार्यालय, टंगाल, काठमाण्डौमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

११. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

सानिमा जिआईसी इन्स्योरेन्स लि.
केन्द्रीय कार्यालय
काठमाडौं